म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९७ आइतबार १३ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 25 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २७ जनाले गरे रक्तदान

हेटौंडा, १२ फागुन/नेपाली कांग्रेसको भातृसंगठन नेपाल तरुण दल हेटौंडा-७ नम्बर वडा ईकाई समितिको आयोजना गरिएको रक्तदानमा २७ जनाले रगत दिएका छन् । शनिबार भएको रक्तदानमा नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महतको प्रमुख आतिथ्य तथा हेटौंडा-७ का वडाध्यक्ष दामोदर गौतमको विशेष अतिथ्यतामा र हेको थियो । रक्तदान कार्यक्रममा २७ जनाले रगत दिएको तरुण दल हेटौंडा-७ का अध्यक्ष खडानन्द चौलागाईं अघोरले जानकारी दिए । रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरको प्राविधिक सहयोगमा रक्तदान भएको हो । कार्यक्रममा तरुण दल मकवानपुर अध्यक्ष लिलाराज सापकोटा सन्तोष, कांग्रेस हेटौंडा-७ का कार्यवाहक सभापति रितुप्रसाद तिमल्सिना, हेटौंडा-५ का सभापति यमबहादुर श्रेष्ठ, कांग्रेस-७ नम्बर कोषाध्यक्ष रामचन्द्र अधिकारी, सहसचिव कृष्ण घिमिरे, कांग्रेस युवा नेता राजकुमार बास्तोला, शंकर न्यौपाने, जनकराज शर्मा, नागस्वती सहरी स्वास्थ्यकेन्द्रका राजु अधिकारी, कांग्रेस वडा कार्यसमितिका पदाधिकारी र तरुण नेताहरुको सहभागिता रहेको थियो ।

# 'अटेरी शिवम्' सुधार्न सांसददेखि पालिका सक्रिय, तत्काललाई खानी बन्द

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ मापदण्डविपरित ओभरबडेन सीधै खोलामा फालेर दर्जन बढी बस्ती जोखिममा पारेको शिवम् सिमेन्ट उद्योगको गैरजिम्मेवारीविरुद्ध प्रतिनिधिसभा सदस्यदेखि गाउँपालिका कार्यालय उत्रिएको छ ।

शिवम् सिमेन्ट उद्योगले मकवानपुरगढी गाउँपालिका-७ को सुकौरा र ८ नम्बर वडाको खोटारमा चुनढुंगा उत्खनन् गर्ने क्रममा सीधै खोलामा ओभरबडेन फाल्दै आएको छ । गाउँपालिका कार्यालय दुई पटकसम्म निर्देशन दिंदा पनि ओभर बडेन नहटाई अटेरी गरिरहेको उद्योग शनिवार सांसद महेशकुमार बर्तौला, जिल्ला समन्वय समिति प्रमुख ललित घलान, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, गाउँपालिका निवर्तमानअध्यक्ष बिदुर हुमागाईंसहित सयौंको संख्यामा स्थानीय पुग्दा ओभरबडेन व्यवस्थापनमा लागिरहेको थियो ।

ओभरबडेन नहटाएर गाउँपालिकालाई नै हेप्दै आएको शिवम्लाई सुधार्न प्रतिनिधिसभा सदस्य बर्तौलासहित गाउँपालिका कार्यालय, वडा कार्यालयदेखि जोखिम क्षेत्रका स्थानीय लागि परेका हुन् । शनिवार सांसद बर्तौलाको नेतृत्वमा पुगेको अनुगमन टोलीसँग शिवम प्रतिनिधिले विभिन्न विषयमा सहमति जनाएको छ । सांसद बर्तौलाका अनुसार उद्योगले ओभरबडेन व्यवस्थान नगरेपछि खानी बन्द हुने निर्णय गरेको जानकारी दिए । खानीबाट निस्किएको र जथाभावी रुपमा खोलामा फालिएको ओभर बडेनलाई तत्काल व्यवस्थित गर्ने, कार्यसम्पन्न नहुँदासम्म खानी उत्खनन कार्य बन्द गर्ने निर्णय भएको हो ।

शिवम् सिमेन्ट उद्योगले प्रभावित क्षेत्रमा बस्ती संरक्षणलगायत सामाजिक उत्तरदायित्वअन्तर्गतका कामहरु गर्ने, आगामी दिनमा पालिकाको नेतृत्वसँग परामर्श, जानकारी र समन्वय गरेर मात्रै खानीसम्बन्धी सम्पूर्ण कार्य अगाडि बढ्ने/बढाउने तथा खानी सञ्चालन सम्बन्धी मापदण्ड र सम्पूर्ण शर्तहरु पूर्ण कार्यान्वयन गरेर मात्र खानी सञ्चालन गर्ने निर्णय भएको सांसद बर्तौलाले जानकारी दिए ।



गत मंगलबार मकवानपुर गढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानको नेतृत्वमा राजनीतिक दलका प्रतिनिधिसहित खानी क्षेत्रको अनुगमन गरिएको थियो । अनुगमनको क्रममा ओभरबडेन खोला नै पुरिने गरी फालिएको पाइएको थियो । एक महिनाअघि पनि ओभरबडेन सीधै खोलामा फालेपछि गाउँपालिकाले हटाउन दिएको निर्देशक शिवम्ले कार्यान्वयन गरेको थिएन । राजनीतिक पहुँच बनाएर स्थानीयलाई हेपाईमा पार्दै आएको शिवम्ले शनिवार ठूलो समूह भेला हुने भएपछि हतारहतार ओभर बडेन व्यवस्थापनमा लागेको हो ।

वर्षातको समयमा ओभर बटमले तल्लो बस्तीमा क्षति पुग्ने हुँदा शिवम्ले नियमअनुसार व्यवस्थापन नगरे खानी नै बन्द गराउनुपर्ने अवस्था आउने अध्यक्ष स्याङ्तानले बताउँदै आएका छन् । बुढीचौर खोलामा खसेको ओभरवडेन बगेर आउँदा मकवानपुरगढी गाउँपालिकाको ७, २, ३, ५ र ६ नम्बर वडाको ३०० बढी घरधुरी र सयौं हेक्टर सिचाईंक्षेत्र जोखिममा पर्ने ३ नम्बर वडाअध्यक्ष भागवत घिमिरेले बताए । ७ नम्बर वडाको पाङटोल, गीताधर्म, आम्बोटे, भण्डारे, किटिनी, न्यौपानेटार, भुँडेदमार, सातकन्या, कोलदमार, मच्छेडाँडा, वतासेडाँडा, हुलाकदमार, नरसिंडाँडा, जिमर गेबडाडा, थासाटोल लगायत खानी प्रभावित क्षेत्र हुन् ।

खानीको कारण मकवानपुरगढीको वडा नम्बर २, ३, ४, ५, ६ को सामरी तटका स्थानीय प्रभावित छन् भने वडा नम्बर ८ र ७ का पनि प्रभावित छन् । वडा नम्बर ७ र ८ का स्थानीय बाह्रै महिना धुलोमैलो, ध्वनी प्रदुषण भोल्दै आएका छन् । बर्षायासमा अव्यवस्थित ओभरवडेन बगेर आउँदा खोलाको सतह बढेर खेतियोग्य जग्गा र बस्ती कटानसँगै सिचाईंमा समस्या भएको र शुद्ध खानेपानी समेत पाउन छाडेको वडाध्यक्ष घिमिरे बताउँछन् ।

खानेपानी विस्तारको पाइप लाइन क्षति हुनुका साथै तटीय क्षेत्रका गाउँबस्तीका घर, विद्यालय, पाटीपौवा, मठमन्दिर, स्वास्थ्यचौकी, पानीघट्टहरु बाढी र पहिरोको जोखिममा रहेको घिमिरेले बताए ।

# बिबिध कार्यक्रम गर्दै सकियो बकैया साहित्य महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/झरना साहित्यिक परिवारले ३१ औं वार्षिकोत्सव तथा बकैया कला-साहित्य महोत्सव २०८० सम्पन्न गरेको छ । शनिबार बकैया-९ कालीदेवी माविमा आयोजित समारोहमा ९ जना सष्ट्रालाई सम्मान गरेको हो ।

गाउँपालिकाको सहयोगमा २०७६ सालबाट सुरु महोत्सवलाई निरन्तरता दिंदै संस्थाका अध्यक्ष विश्वनाथ सञ्जेलको सभाध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, झरनाका संरक्षक/सल्लाहकारले स्रष्टासँगै विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका ब्यक्तिलाई सम्मान गरेको हो ।

यसवर्षको होमनाथ-टीकामाया प्रतिभा सम्मान २०७९ बाट काठमाडौंका डा. गीता त्रिपाठीलाई प्रदान गरिएको छ । साहित्य क्षेत्रमा योगदान गरेबापत नगद २१ हजार १ सय २१ रुपैयाँ सहित डा. त्रिपाठीलाई सम्मान गरिएको हो । यो सम्मान साहित्यसेवी नुरप्रसाद गौतमले मातापिताको सम्मानमा स्थापना गरेका हुन् ।

साहित्यको मुक्तक विधातर्फ बाबुराम पोखरेललाई सम्मान गरिएको छ । उनलाई साहित्यसेवी रमेशमोहन अधिकारीले मातापिताको नाममा स्थापित गरेको शिव-सावित्री अधिकारी स्मृति मुक्तक सम्मानबाट सम्मानित गरिने भएको हो । सम्मान नगद १५ हजार ५ सय ५५ रहेको छ । जिल्लामा साहित्यिक संस्था स्थापना र जगेर्ना गर्न योगदान गरेबापत प्रदान गरिने मकवानपुरका साम्ब ढकाललाई बाबुलाल-भोजमाया



स्मृति साहित्य सम्मान प्रदान गरिएको छ । नगद १५ हजार ५ सय ५५ राशीको रहेको यो सम्मान साहित्यसेवी विनोद सुवेदीले मातापिताको नाममा स्थापित गरेका हुन् ।

पत्रकारिताको माध्यमबाट संस्थाको प्रचारप्रसारमा सहयोग पुऱ्याएको भन्दै पत्रकार रामकुमार एलनलाई गोकर्ण गौतम स्मृति पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको छ । यो सम्मानको राशी नगद ११ हजार १ सय ११ रहेको छ । यो पुरस्कार स्व. गौतमका माता नन्ददेवी गौतमले स्थापना गरेकी हुन् ।

त्यस्तै, साहित्यसेवी अर्पण पराजुली र दर्पण पराजुलीले माता पिताको सम्मानमा स्थापित गरेको खडानन्द-मनमाया प्रतिभा सम्मानबाट स्याङ्जाका मिलन समिरलाई प्रदान गरिएको छ । साहित्यसेवी राजन दंगालले आफ्नी दिवंगत छोरीको स्मृतिमा स्थापना गरेको सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मानबाट बिमला कार्कीलाइ सम्मानीत गरिएको छ । साहित्यसेवी तुलसी गिरीले स्थापना गरेको सञ्जीवनी बुटी साहित्य सेवा सम्मानबाट भरतप्रसाद सापकोटा र बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले स्थापना गरेको खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मानबाट बासुरीवादक बिष्णु घतानीलाई सम्मान गरिएको छ । जनही नगद ७ हजार ७ सय ७७ सहित सम्मान गरिएको हो ।

त्यस्तै ५ हजार ५ रुपैयाँ राशीको झरना-बकैया नवप्रतिभा पुरस्कार गजलकार अजर फुयाँललाई प्रदान गरिएको छ । यो पुरस्कार बकैयाका चन्द्रकुमार राईले स्थापना गरेका हुन् । महोत्सवको पहिलो दिन रचनावाचन र चित्रकला प्रतियोगिता, बकैया बिशेष र चनावाचन भएको थियो । महोत्सवको दोस्रो दिन शनिबार नवपुस्ता केन्द्रित रचनावाचन, बकैया-९ का सरोकारवालाले अध्यक्ष सापकोटासमक्ष राखेका ८ प्रश्नको उत्तर, खुल्ला कवितावाचन, गजल, मुक्तक वाचन र गायन तथा सम्मानित स्रष्टाको मन्तव्य र रचनावाचन भएको थियो ।

संस्थाका सचिव मसान उपासकले संचालन गरेको कार्यक्रममा स्थानी विद्यालयका बालकलाकारले नृत्य प्रस्तुत गरेका थिए । झरना २०५० सालमा साविक छतिवन गाविस (हाल बकैया गाउँपालिका) मा स्थापित भई हालसम्म क्रियाशील मकवानपुरको अग्रणी साहित्यिक संस्थामध्येको एक हो । यसले मासिक साहित्य श्रृंखला सञ्चालन गर्दै आएको छ भने 'झरना' अर्धवार्षिक पत्रिकाको ४० औं र ४१ औं अंक पनि शनिबार लोकार्पण गरिएको थियो ।

# शिक्षक संघको २२ औं जिल्ला प्रतिनिधिसभा

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ नेपाल शिक्षक संघ मकवानपुरको हेटौंडामा शनिवार २२ औं जिल्ला प्रतिनिधिसभा आयोजना गरिएको छ । नेपाली कांग्रेसका सहमहामन्त्री बद्रीप्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

पाण्डेले शिक्षकका वर्षौंदेखिका समस्या रहेको र यसलाई टुंगोमा पुऱ्याउन आफू लागिपरेको बताए । शिक्षक संघले शिक्षकका हरेक मुद्दामा हातेमालो गर्दै अगाडि बढेको बताए । नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेशप्रसाद हुमागाईंको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, पूर्वसभापति रघुरमण न्यौपाने, कांग्रेस बागमती प्रदेशका प्रवक्ता रामचन्द्र अर्याल माइकल, नेपाल शिक्षक संघका केन्द्रीय सदस्य रामकुमार अधिकारी, कांग्रेस मकवानपुरका उपसभापति आनन्द कठायत, सचिव इश्वर पाठक, सहसचिव इन्दिरा न्यौपाने, क्षेत्र नम्बर-१ का सभापति दामोदर खनाल लगायतको आतिथ्यता थियो ।

कार्यक्रममा मकवानपुरका दशवटै स्थानीय तहका शिक्षक संघका पदाधिकारी तथा सदस्यको उपस्थिति रहेको थियो । शिक्षक संघमा हुमागाईको नेतृत्व आएपछि गरिएका कामका विवरण पनि सार्वजनिक गरिएको छ । कार्यक्रममा सहभागी शिक्षकले हुमागाईंको नेतृत्वको कार्यसमितिले शिक्षकका हकहितका निम्ति धेरै राम्रा काम गरेकोमा खुशी व्यक्त गरेका छन् ।

# विद्यालयलाई प्रोजेक्टर सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष एवम् नेपाली कांग्रेस मकवानपुर जिल्ला सदस्य कालु घलानले एक विद्यालयलाई प्रोजेक्टर सहयोग गरेका छन् ।

घलानले शुक्रबार मकवानपुरको बकैया गाउँपालिका-८ बीरेफाँटमा रहेको जनजागृति माध्यमिक विद्यालयलाई एक थान प्रोजेक्टर हस्तान्तरण गरेका हुन् । घलान माघ २३ गते विद्यालय व्यवस्थापन समिति अध्यक्ष फूलराज थिङ, विव्यस पूर्वअध्यक्ष सिद्धिमान घलान, विद्यालय प्रधानाध्यापक पेम्बादोर्जे भोम्जन र स्थानीयको आग्रहमा घलान विद्यालय अवलोकन गर्न विद्यालय पुगेका थिए । घलानले विद्यार्थीको अध्यापनमा सहज होस् भन्ने हेतुले आफूले प्रोजेक्टर सहयोग गर्ने वचन दिएका थिए ।

कार्यक्रममा घलानले फागुन १५ गतेभित्र विद्यालय पुगेर प्रोजेक्टर हस्तान्तरण गर्ने वचन पूरा गरेको भन्दै विव्यस पूर्वअध्यक्ष घलानले खुसी व्यक्त गरे । विव्यस थिङको सभाध्यक्षता तथा घेदुङ अध्यक्ष घलानको प्रमुख आतिथ्यता रहेको प्रोजेक्टर हस्तान्तरण कार्यक्रममा नेपाल तामाङ घेदुङ बकैया गाउँपालिका उपाध्यक्ष उमेश थोकर, नेपाल तामाङ घेदुङ बकैया-८ इकाई समिति अध्यक्ष संजयकुमार लोप्चन, अभिभावक, शिक्षकशिक्षिका र विद्यार्थीलगायतको उपस्थिति थियो ।

# ग्यास बिक्रेता महासंघ प्रदेशको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ ग्यास विक्रेता महासंघ बागमती प्रदेशको हेटौंडामा पाँचौं वार्षिक साधारणसभा भएको छ । ग्यास विक्रेता महासंघका केन्द्रीय अध्यक्ष चन्द्रबहादुर थापाको प्रमुख आतिथ्यतामा शनिवार कार्यक्रम भएको हो ।

सभामा महासचिव केशव प्रसाद मुडभरीले वार्षिक प्रतिवेदन पेश गरेका थिए । ग्यास बिक्रेताका लागि वर्तमान परिस्थिति चुनौतीपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ । महासंघका केन्द्रीय अध्यक्ष थापाले ग्यासजन्य दुर्घटना हुनबाट बच्न गुणस्तरीय रेगुलेटर र पाइपको प्रयोग गर्नुपर्ने बिषयमा जोड दिए । उनले ग्याँसजन्य दुर्घटना हुन नदिन गुणस्तर चिह्नप्राप्त रेगुलेटर प्रयोग गर्नुपर्ने बताए ।

केन्द्रीय अध्यक्ष थापाले ग्यास व्यवसायलाई व्यवस्थित र सुरक्षित बनाउँदै लैजानुपर्ने बताएका छन् । उनले डिलर प्रमाणिकरणको विषयमा तीनै तहको सरकार गम्भिर बन्नुपर्ने बताए । ग्यास जस्तो प्रज्वलनशीलपदार्थ जथाभावी बिक्री हुनु दुखद भएको बताउँदै सुरक्षा संवेदनशीलतामा ध्यान दिन आवश्यक रहेको उनको भनाई छ । सभामा कोषाध्यक्ष मदनकुमार न्यौपानेले २०७९/८० को आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा व्यवसायीले न्यून कमिसनका कारण समस्या परेको उल्लेख गर्दै समयानुकूल कमिशन बृद्धि हुनुपर्ने बताएका थिए । ग्यास बिक्रेता महासघ बागमती प्रदेशका अध्यक्ष बिनोदमान श्रेष्ठको सभाअध्यक्षतामा भएको कार्याक्रममा ग्यास बिक्रेता महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष विष्णु दुलाल, महासंघका सल्लाहकार तथा पूर्वअध्यक्ष अर्जुन खत्री, राधिका महर्जन, प्रदेश सल्लाहकार दिलिशगोविन्द जोशीलगायतको उपस्थिति थियो ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



## नि:शुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना

दीर्घायू गुरु हस्पिटल प्रा.लि. चाबहिल मित्रपार्क काठमाडौं, हर्ट फाउण्डेशन हेटौंडा र भुटनदेवी एल्मुनाई एसोसिएसन (भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था) हेटौंडाको संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले इच्छुक सेवाग्राहीहरुले मौकाको फाइदा उठाउनुहोला । आवश्यकता अनुसार औषधिसमेत नि:शुल्क वितरण गरिनेछ ।

**शिविर हुने:**

मिति : २०८० साल फागुन १९ गते शनिबार

स्थान : भुटनदेवी मा.वि. परिसर हेटौंडा-४

समय : विहान ८:०० बजेदेखि

**उपलब्ध हुने सेवाहरु:**

१) स्नायू तथा नशारोग
२) मुटुरोग
३) हाडजोर्नी रोग
४) स्त्री तथा प्रशुति
५) जनरल फिजिसियन

**नाम दर्ता गर्ने स्थान: (फागुन १८ गतेसम्म)**

☞ मंगल पेपर मार्ट, कान्तिराजपथ, हेटौंडा-४
☞ यति ड्रग हाउस, राप्तिरोड, हेटौंडा-१
☞ भुटनदेवी मा.वि., हेटौंडा-४
☞ भुटनदेवी एल्मुनाई एसोसिएसन, (भुटनदेवी मावि), हेटौंडा-४
☞ श्रेष्ठ ट्रेडिङ्ग, टीसीएन रोड, हेटौंडा-१०

आयोजक: भुटनदेवी एल्मुनाई एसोसिएसन
(भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था)



## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# बैकल्पिकमार्गको स्तरोन्नति

बागमती प्रदेशको राजधानी हेटौंडा-काठमाडौं जोड्ने आधा दर्जन सडकमध्ये छोटो दुरीको भैंसे-कुलेखानी-फाखेल-फर्पिङ सडकखण्ड स्तरोन्नतिको काम पछिल्लो समय धमाधम भइरहेको छ । नेपालमा पूर्वाधारको विकास सर्वसाधारणका लागि भन्दा पनि भिआइपीका लागि उच्चप्राथमिकतामा राखिन्छ । बागमती प्रदेश सरकारले हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीका मार्गमा विगतमा सामान्य मर्मतसम्भार गर्दै आएपनि पछिल्लो तीन आर्थिक वर्षदेखि भैंसे-कुलेखानी-फाखेल-फर्पिङ सडकखण्ड र भैंसे-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-फर्पिङ खण्डको स्तरोन्नतिलाई प्राथमिकतामा राख्दै आएको छ । भैंसे-कुलेखानी-फाखेल-फर्पिङ सडकखण्डअन्तर्गत मकवानपुर र काठमाडौंको सीमाना हुमाने भन्ज्याङदेखि फर्पिङसम्मको करिब ११ किलोमिटर सडक हाल तीनवटा प्याकेजमा काम भइरहेको छ । दुई वर्ष अगाडि नै भीमफेदी-कुलेखानीसम्म १६ किलोमिटर सडकखण्ड यातायात पूर्वाधार निर्देशनालयबाट सम्पन्न भइसकेको यातायात पूर्वाधार विकास निर्देशनालय हेटौंडाले जानकारी दिएको छ ।

हाल तीनवटा प्याकेजमध्ये भैंसे-भीमफेदी सडक खण्ड र फर्पिङ-हुमानेभञ्ज्याङ् सडक खण्ड निर्माण अन्तिम चरणमा पुगेको छ । लामो समयसम्म जग्गाको मु-आब्जा तथा घरटहराको विषयमा स्थानीयसँग सहमति हुन नसक्दा भैंसे-भीमफेदी सडकखण्डको काम अबरुद्ध भएको थियो । हाल यो समस्या समाधान भइसकेपछि सडक खण्डको पनि तीब्रगतिमा काम भईरहेको छ । हालसम्म भैंसे-भीमफेदी सडक खण्डमा साँढे ५ किलोमिटर सडक कालोपत्रे भइसकेको र आगामी दुई हप्ताभित्र तीन किलोमिटर कालोपत्रे कार्य सम्पन्न हुने बताइएको छ । यसैगरी तीन प्याकेजअन्तर्गत फर्पिङ-हुमाने सडकखण्डको हुमानेभञ्ज्याङदेखि मगर गाउँसम्म साँढे तीन किलोमिटर कालोपत्रे सम्पन्न भइसकेको यो खण्डको एक महिनाभित्रै ४ किलोमिटर सडक कालोपत्रे हुने र अढाई किलोमिटर मात्रै बाँकी रहने पूर्वाधार विकास निर्देशालय हेटौंडाले जनाएको छ । पूर्वाधार विकास कार्यालयबाट कार्यान्वयन भइरहेको कुलेखानी-हुमानेभञ्ज्याङ खण्डमा पनि तीब्रगतिमा कार्य भइरहेको छ । कालोपत्रे गर्ने कार्य चालु आर्थिक वर्षको योजनामा छैन । यो सडक खण्डको सम्भव भएसम्म फराकिलोसहित कालोपत्रे गर्ने प्रदेश सकारको लक्ष्य रहेको छ ।

भैंसे-भीमभेदीखण्ड डबल लेन स्ट्यान्डर्डमा र अन्य खण्डमा ईन्टरमेडियड स्ट्यान्डर्डमा निर्माण भइरहेको छ । अर्को खण्डअन्तर्गत कुलेखानी-सिस्नेरी हुँदै छैमले जाने सडक खण्ड पनि डबल लेन स्ट्यान्डर्डमा निर्माण हुनेछ । यो सडक ७ मिटरको कालोपत्रे हुने र ईन्टरमेडियड स्ट्याण्डर्डमा साँढे ५ किलोमिटर कालोपत्रे हुनेछ । यातायात पूर्वाधार निर्देशनालयमाफर्त काम भइरहेको भैंसे-भीमफेदी सडक खण्ड चैत मसान्तसम्म म्याद रहेको छ । महालक्ष्मी दोभानको छोटो दुरीका रुपमा रहेको मातातीर्थ हुँदै कलंकी निक्लने सडकखण्डको ७ किलोमिटर सडकखण्ड पूर्वाधार विकास कार्यालयमाफर्त तीब्रगतिमा काम भइरहेको र मकैबारी-मकवानपुर खण्डसम्म भने पूर्वाधार विकास कार्यालय ललितपुरमार्फत् मकैबारीदेखि मातातीर्थको शसस्त्र बेशक्याम्पको गेटसम्म ८ किलोमिटर यसै आवमा सम्पन्न गर्ने प्रदेश सरकारको लक्ष्य रहेको छ । हेटौंडाबाट काठमाडौं उपत्यका प्रवेशका लागि सबैभन्दा छोटो दुरी यो रुट हो । चालु आवमा भैंसे-भीमफेदी र फर्पिङ-हुमाने सडकखण्ड निर्माण सकिने र कंलकी-हुमानेसम्म चालु आवमा कालोपत्रे सम्पन्न हुने सम्भावना नभएको अधिकारीहरुको भनाई छ । निर्माणाधीन सडकखण्ड सम्पन्न भइसकेपश्चात भने हेटौंडादेखि काठमाडौंसम्म करिव सवा दुई घण्टामा पुग्न सकिने जनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १४ गते सोमबार २६ फेब्रुअरी २०२४ । द्वितीया, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:३४, सूर्यास्त ६:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : उत्साह कम हुनेछ | तुला | : मान सम्मान पाउन सकिनेछ |
| वृष | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | वृश्चिक | : मन खिन्न हुन सक्नेछ |
| मिथुन | : उदर-विकार हुन सक्नेछ | धनु | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| कर्कट | : परिवारमा उन्नति हुनेछ | मकर | : राजनीतिमा सफलता मिल्नेछ |
| सिंह | : काममा रोकावट आउन सक्नेछ | कुम्भ | : काममा विलम्ब हुनेछ |
| कन्या | : शुभ समाचार सुन्न पाइनेछ | मीन | : मनोकांक्षा सिद्धि हुनेछ |

# प्रधानमन्त्री त्यागेर प्रचण्डले लिनुपर्ने पहलकदमी



✍ महेश्वर दाहाल

**क्रान्तिकारी विचार त दस्तावेजमा छँदैछ, क्रान्तिकारी आचरणलाई पनि हामीले उत्तिकै जोड दिनुपर्छ । सम्पत्ति भएका र नभएका केन्द्रीय सदस्य एउटै श्रेणीका होऊन् ।**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को विधान अधिवेशन अघिल्लो हप्ता सम्पन्न भएको छ । र, यसबाट आएका सुझावलाई स्वीकार र लागू गरिने प्रतिबद्धता अध्यक्ष प्रचण्डले व्यक्त गर्नुभएको छ । आजको संघीय गणतन्त्रको मूल 'ओनर' हुनुको र वर्तमान सरकार नेतृत्व हुनुको आधारबाट हेर्दा माओवादी केन्द्रको नीति र कार्यनीति नै आजको संवैधानिक प्राथमिक मूल्य हो/हुनुपर्छ । शक्ति-सन्तुलन सहितको यो संविधानमा माओवादी केन्द्रका धेरै असहमति छन् । तर, संविधानका अपूर्णतालाई पूर्ण गर्ने जिम्मेवारी पनि मूलत: माओवादी केन्द्रकै हो ।

संविधानसभा मार्फत सम्पूर्णत: समाज न्यायिक संविधान बनाउने लक्ष्य हासिल गरेर पनि, त्यसमा वैधानिक वा निर्वाचित हैसियत भएर पनि हामीले आफ्नै पक्षधरताको संविधान किन बनाउन सकेनौं, यसको निर्मम समीक्षा हुन्छ नै, भएकै पनि छ । तर, शक्ति सन्तुलन सहितको वर्तमान संविधानले पनि माओवादी केन्द्रका केही/कैयौं मान्यता, सिद्धान्त र सैद्धान्तिक आधार बोकेको कारणले नै आज हामी सरकारको नेतृत्व गर्ने अवसरमा छौं । संविधानको अपूर्णतालाई पूर्ण गर्ने लक्ष्यमा छौं । यही संविधानको अन्तर वस्तुमा टेकेर समाजवादमा पुग्ने लक्ष्यमा छौं । त्यसैले हाम्रो विधान अर्थात् हाम्रो आन्तरिक कार्यप्रणाली कम्युनिस्ट आचरण र मूल्यकृत हुनु जरूरी छ ।

विधान अधिवेशनमा हामीले जोड दिएको सन्दर्भ के हो भने यसको प्रस्तावनामै समाजवादी दर्शन र मूल्य-मान्यतालाई उल्लेख गर्नु आवश्यक छ, जसले हाम्रा मुख्य उद्देश्य र दिशा निर्धारण गर्नेछ । हाम्रो सामाजिक वा आर्थिक लक्ष्यको समेत किटानी गर्नेछ । यसो हुँदा सकेसम्म केन्द्रीय सदस्य वा परिवारको सम्पत्ति पार्टीकरण गरेर सामूहिकतामा जान बल पुग्नेछ । तत्काल यो सकिँदैन भने श्रीमती र परिवारका अन्य सदस्यको सम्पत्ति छुट्याएर केन्द्रीय सदस्यको सम्पत्ति पार्टीकरण गर्न सकिनेछ । यसले पार्टीलाई समाजवादीकरण गर्ने दिशामा महत्वपूर्ण फड्को मार्नेछ ।

हिजो नयाँ जनवादी क्रान्तिको तयारी गर्दा केन्द्रीय सदस्यहरूको एक हिस्सा सम्पत्ति पार्टीकरण गरिएकै हो । केन्द्रीय नेताको त्यो पहलले नै पार्टी कार्यकर्ता र जनतामा त्याग र बलिदानको भावना विकास भएको हो । समाजवाद स्वतस्फूर्त आउँदैन । समाजवाद सन्निकट हुँदै समाजवादसम्म पुग्नका लागि हामीले फेरि त्यो त्याग, बलिदानी भावना र विश्वास पैदा गर्नु आवश्यक छ ।

क्रान्तिकारी विचार त दस्तावेजमा छँदैछ, क्रान्तिकारी आचरणलाई पनि हामीले उत्तिकै जोड दिनुपर्छ । सम्पत्ति भएका र नभएका केन्द्रीय सदस्य एउटै श्रेणीका होऊन् । सम्पत्ति भएकाले त्यसलाई पार्टीकरण गरी पार्टी नेता तथा कार्यकर्ता सहितको सामूहिक उत्पादन तथा बसाइमा जोड दिनुपर्छ । पार्टी रूपान्तरणका लागि यो प्रारम्भिक परीक्षण पनि हो । माओवादी केन्द्रका नेताहरूलाई भ्रष्ट, कमाइ धन्दामा लागेको भनेर विद्रुपीकरण गरिरहेकोमा यसले एक हदसम्म व्यावहारिक खण्डन समेत गर्नेछ । भनाइ र गराइका बीचमा तादात्म्यता मिलाउँदै जानेछ ।

जनयुद्धकालमै पारित गरिएको एक्काइसौं शताब्दीको जनवादलाई ठोस र मूर्तिकृत गर्न सक्ने कि नसक्ने भन्ने चुनौती हाम्रो पार्टी आजको समाज न्यायिक र वैज्ञानिक हुने कि नहुने भन्ने चुनौती पनि हो ।

त्यसमा लेखिएको छ- 'अनुभवले सावित गरेको छ कि राज्यसत्ता कब्जा गरि सकेपछि पार्टीका तमाम नेता तथा कार्यकर्ताहरू राज्यसत्ता सञ्चालनमा मात्र संलग्न हुँदा भौतिक परिवेशले नै पार्टीलाई क्रमश: नोकरशाही, पदलोलुप र सुविधासम्पन्न वर्गमा परिणत गर्ने खतरा तीव्र तथा प्रबल बनेर जानेछ । यस खतराको तीव्रता र प्रबलतासँगै पार्टीको जनसमुदायसँगको सम्बन्ध त्यही अनुपातमा औपचारिक र अलग-थलग बन्दै जानेछ । त्यो प्रक्रिया आफ्नो विकासको एउटा निश्चित बिन्दुमा पुगिसकेपछि अनिवार्य प्रतिक्रान्तिमा बदलिन पुग्दछ ।

प्रतिक्रान्तिको यस्तो खतरालाई रोक्न दुई लाइन संघर्ष र निरन्तर क्रान्तिको सिद्धान्त अनुसार पार्टीलाई सर्वहारा वर्ग तथा श्रमजीवी जनसमुदायको निगरानी, नियन्त्रण र सेवामा राख्ने संगठनात्मक विधि एवम् मान्यता अझै विकास गर्न जरूरी छ । यसका लागि पार्टीभित्र चल्ने दुई लाइन संघर्षमा व्यापक जनसमुदायको सहभागिता सुनिश्चित गर्ने तथा सक्षम र स्थापित नेतादेखि कार्यकर्तासम्मको एउटा हिस्सा निरन्तर जनकार्यमा र अर्को हिस्सा सत्ता सञ्चालनमा लाग्ने तथा निश्चित अवधिको अन्तरमा कार्यविभाजनमा हेरफेर गरी सिंगो पार्टीको जनसमुदायसँगको सम्बन्धलाई सजीव राख्नु आवश्यक छ ।'

उत्पीडित वर्गले राज्यसत्ता कब्जा नगरेको/गर्न नसकेको आजको अवस्थामा प्रमुख नेतृत्व सहित पदाधिकारी तथा स्थायी समितिका नेता नै सरकारमा पटक-पटक जाने र लामो समय त्यहीं रुमल्लिने हुँदा त्यसले पार्टी र आन्दोलनलाई ठूलो क्षति पुऱ्याएको छ । यतिबेला नेपाल मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनमै योगदान दिनका लागि पार्टी अध्यक्ष प्रचण्डले सबैभन्दा बढी मिहिनेत गर्नुपर्नेछ । अब हामीले फराकिलो कम्युनिस्ट अन्तर्राष्ट्रिय बनाउनुपर्छ । सिर्जनात्मक र विकसित अर्को क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन (रिम) बनाउनुपर्छ ।

अध्यक्ष प्रचण्डले तत्काल प्रधानमन्त्री त्यागने कुराको संवैधानिक औचित्य वा त्यसले निर्माण गर्न सक्ने राजनीतिक अस्थिरताको पक्ष लिएको होइन, तर अरू कमरेडलाई सरकार नेतृत्वमा अगाडि सारेर एक्काइसौं शताब्दीको समाजवादी कार्यदिशा निर्माण गर्न उहाँले कम्युनिस्ट पहल बढाउनुपर्छ । मन्त्री भइसकेकालाई मन्त्रीमा दोहोऱ्याई, तेहऱ्याई, चौहऱ्याई, पाँचबऱ्याई अवसर दिनु, त्यो संस्थागत र व्यक्तिगत स्वार्थ हो । बरु अनुभवीले नयाँलाई गाइड गर्ने संयन्त्र पो पार्टी काम हो, पार्टी जीवन हो ।

आजको नेपाली वाम आन्दोलन ठूलो संकटमा छ । वाम आवरणका अपराधोन्मुख समेत सबै पार्टीमा मौजुद छन् । यसैले कुनै पार्टी सोलोडोलो क्रान्तिकारी, परिवर्तनकारी छैनन् । सबै पक्षले गल्ती नगर्ने वचन गरेर समाजवादमा जाने शर्त स्वीकार्छन् भने विभिन्न चिरामा रहेका वामहरूबीच समाजवादी कार्यदिशाका लागि फेरि सहकार्य हुनसक्छ ।

देश रूपान्तरणका लागि अब अध्यक्ष प्रचण्डले 'फुर्सदी' भएर एमाले सहितका सबै वामपन्थी शक्ति, व्यक्ति र आफ्नै पार्टीबाट विभक्त माओवादी धारका घटकसँग एकताको पहल बढाउनुपर्छ । अधिकतम लचिलो बनेर माओवादी पार्टी र आन्दोलन पुनर्गठनका लागि हात अगाडि बढाउनुपर्छ ।

सरकार, सदन र सडकलाई समाज न्यायिक दिशा दिन एकीकृत र व्यवस्थित पहल अगाडि बढाउनुपर्छ । आजको सन्दर्भमा संसारलाई पनि जोड्न सक्नुपर्छ । हामीले संसारलाई बलियो बनाउनुपर्छ । ऊर्जाशील लाखौं नेपाली श्रमिक संसारभरि छन्, त्यहाँको संगठनात्मक कामलाई समेत विशेष जोड दिनुपर्छ । अन्तर्राष्ट्रिय मित्र शक्तिलाई गोलबद्ध गर्ने विषयमा पनि मिहिनेत गर्नै पर्नेछ ।

कम्युनिस्ट पार्टीभित्रको नेतृत्व प्रत्यक्ष निर्वाचनबाट मात्र हुनुपर्छ भनेर निरपेक्ष वकालत गर्नु भनेको बुर्जुवा मत हो । जब पक्ष/विपक्षमा मतदान हुन्छ, त्यसले व्यक्तिगत, समूहगत र सार्वजनिक इगोको जन्म दिन्छ । एउटा सैद्धान्तिक र सर्वहाराकृत नेतृत्व जनताबाटै अनुमोदित भएको हुन्छ र हुनुपर्छ । फेरि पनि प्रत्यक्ष निर्वाचन गर्न नसकिने होइन, तर नेतृत्व चयन गर्ने सन्दर्भ फुट र जनविभेदको बीजारोपण भने बन्नुहुँदैन ।

कम्युनिस्ट पार्टीको समग्र संरचना प्रत्यक्ष निर्वाचित हुनै नसक्ने भन्ने त होइन । तर, त्यसले मूलत: विचार निर्माणको सन्दर्भ बोकेको हुनुपर्छ । कुनै पनि पदका लागि निर्वाचनको ढोका खुल्लै होस् तर सामूहिकतालाई अभिव्यक्त गर्ने नेतृत्वका लागि चुनावी औपचारिकता एउटा पूँजीवादी आत्मरति मात्रै हो । सर्वसम्मति पनि आफैंमा निर्वाचन प्रक्रिया नै हो, यो हामीले भुल्नुहुँदैन ।

पार्टीलाई समाजवादी यात्राको नेतृत्वदायी शक्ति बनाउने हो भने पार्टीभित्रका सबै अनियमितता रोक्न पोष्टबहादुर बोगटी, अमिक शेरचन आयोगहरूको प्रतिवेदन सार्वजनिक गर्दै अर्को त्यहीस्तरको अधिकारसम्पन्न उच्चस्तरीय नयाँ आयोग गठन गर्नुपर्छ । माओवादी भ्रष्ट र लुटेरा हो भन्ने भाष्य निर्माण भइरहेको यो बेला पार्टी शुद्धीकरणका लागि पनि यस्तो आयोगको जरूरी छ । रगतको आहालमा टेकेर निर्माण भएको पार्टीलाई आज भ्रष्ट र लुटेराको रूपमा बदनाम गर्ने विषय सामान्य होइन । भ्रष्ट र बेइमान जुनसुकै तहका नेता हुन्, तिनको सम्पत्ति पार्टीकरण गरेर जनयुद्धका शहीद परिवार र घाइते परिवारको भरणपोषण तथा उपचारमा लगाउनुपर्छ ।

विधानले निश्चित संख्याको कमिटी र कमिटी निर्वाचन प्रक्रिया तोक्दै गर्दा यही सम्मुखमा वैकल्पिक केन्द्रीय सदस्य थपेर अधिवेशनलाई नै पङ्गु बनाउनु नेतृत्वको नाजायज हर्कत हो । जो जो कमरेडहरू केन्द्रीय सदस्य बन्नुभयो, यसमा मेरो आपत्ति होइन । तर प्रक्रिया गलत अपनाइयो । त्यो अधिकार पार्टीको अधिवेशनले वा विशेष अधिवेशनले मात्रै राख्दछ । आफ्नो अनुकूलतामा यसरी विधानलाई तोड्ने परिपाटी रहँदासम्म धेरै संख्यामा कार्यकर्ता भेला गरेर जतिसुकै राम्रो विधान बनाए पनि त्यसको कुनै अर्थ हुँदैन ।

विचार, कार्यदिशाले आचरण र संगठनको माग गर्दछ । विश्व सर्वहारा वर्गका महान् नेता लेनिनले कार्यनीतिलाई 'पार्टीको आचरण' भन्नुभएको छ । वनस्पतिको उपचार जराबाट हुन्छ, मान्छेको उपचार शिर वा सिरानीबाट । त्यसैले अध्यक्ष प्रचण्डले क्रान्तिकारी विचार र क्रान्तिकारी आचरणको विकासका लागि पहल बढाउनुपर्छ । विधान अधिवेशनले मूलत: यस पक्षको नीति बनाउनु सकारात्मक हो । अध्यक्षले विशेष महाधिवेशनसम्म यी विषय टुंग्याइने बताउनुभएको छ ।

*(साभार: अनलाइनखबर)*

# सिनेमा र समाज एउटा विशेष सर्कल



✍ राजेश हमाल

**समाज सँगसँगै हिँड्नुपर्ने हुन्छ, कुनै पनि सिर्जना । हिँडेन भने त्यो प्रत्युत्पादक हुन्छ । यहाँ हामी सिनेमाको कुरा गर्दैछौं । प्राय: सिनेमाले तत्कालीन समाजको दृष्टिकोण, भावना, परिवेश आदिसँग मेल खाने विषयवस्तु पस्केको हुन्छ ।**

सिनेमा र समाज एउटा विशेष सर्कलजस्तो हो । सिनेमा, कला-साहित्य, कथा, कविता जे भए पनि त्यसको प्रेरणाको स्रोत समाज नै हुन्छ । समाजमा देखिएका कुरा, समाजमै घटेका घटना, समाजमै अनुभव गरेका भावनाहरूबाट सर्जक प्रेरित हुन्छ । सर्जकले समाजमा जे देख्यो, त्यसलाई पहिले कथाको रूपमा बुन्छ, त्यसपछि उसले त्यसलाई कथा, कविता, उपन्यास, सिनेमा जेमा ढालोस् । त्यसो हुँदाबित्तिकै उसले सुरुमा देखेको घटनामा हल्का अर्को डाइमेन्सन हुन्छ, अर्थात् केही थपघट हुन जान्छ ।

सिनेमाको हकमा कतिपय विषय अझ आकर्षित रूपमा प्रस्तुत गरिन्छ । दर्शकले आफ्नो समाजकै कथामा बनेको सिनेमा हेर्छन्, तर त्यसलाई अरु धेरै कुराले प्रभावित गरेको हुन्छ । समाजको कथालाई राम्रा-राम्रा हिरो-हिरोइन्मार्फत भनिन्छ र त्यसबाट समाज प्रभावित हुन्छ । समाजका केही कुरा सिनेमाले लिन्छ, सिनेमाबाट केही कुरा समाजले लिन्छ, यसरी सिनेमा र समाजको एउटा सर्कल बन्छ ।

कुनै पनि सिर्जना मानिसको दिमागबाट आउने हो, मानिसको दिमागमा अनुभवहरू नै हुन्छन् । समाजकै कुरा सर्जकले देखेको, सुनेको र भोगेको होला, त्यसैलाई उसले आफ्नो दिमागमा राखेको होला । त्यसैका आधारमा उसले आफ्ना सिर्जना पस्कन्छ होला । त्यसैलाई उसले आफ्नो विशुद्ध सिर्जना भन्छ होला, तर सिर्जना विशुद्ध आफ्नो भन्ने हुन सक्दैन ।

समाज सँगसँगै हिँड्नुपर्ने हुन्छ, कुनै पनि सिर्जना । हिँडेन भने त्यो प्रत्युत्पादक हुन्छ । यहाँ हामी सिनेमाको कुरा गर्दैछौं । प्राय: सिनेमाले तत्कालीन समाजको दृष्टिकोण, भावना, परिवेश आदिसँग मेल खाने विषयवस्तु पस्केको हुन्छ । मैले सिनेमामा काम सुरु गर्दा एक प्रकारको समाज थियो । त्यही बेलाका युवाको आकांक्षा, त्यही बेलाका आर्थिक र राजनीतिक अप्ठेरा, त्यही बेलाको जीवनशैली, त्यही बेलाका सामाजिक र सांस्कृतिक पक्ष वा चुनौतीहरू चलचित्रमा प्रतिविम्बित हुन्थ्यो ।

सुरुवातमा मैले प्राय: फिल्ममा विद्रोही युवाको भूमिका निभाएँ । समाजमा हुने थिचोमिचो, धनी-गरिबको भावना आदिका कारण युवाहरू त्यतिबेला विद्रोही र आक्रोशित नै थिए । एउटा आक्रोशित युवाले गर्न चाहेको कुरा कहीं न कहीं मैले निभाएको चरित्रमा आउँथ्यो ।

अहिले वागमतीमुनि धेरै पानी बगिसक्यो । अहिले युवाको आकांक्षा, जीवनशैली, उहाँहरूले खोज्ने स्वादमा धेरै परिवर्तन भएका छन् । अहिलेका चलचित्रले कहीं न कहीं वर्तमान समाजलाई नै प्रतिनिधित्व गर्नुपर्ने हुन्छ । हामी भन्छौं– पहिलेको चलचित्र यस्तो, अहिलेको चलचित्र उस्तो । यसो भन्नुको अर्थ पहिलेको र अहिलेको समाज भन्ने नै हो । यो पहिले र अहिले भन्ने जुनसुकै कालखण्डमा हुन्छ । यही हो, सिनेमाले वर्तमान समाजलाई नै प्रतिविम्बित गर्नुपर्छ, गरेन भने प्रत्युत्पादक हुन्छ ।

सिनेमाको सशक्ततालाई नजरअन्दाज गर्न मिल्दैन, कथा भन्ने असाध्यै सशक्त माध्यम हो सिनेमा । अंग्रेजी भनाइ छ, 'सिइङ इज् बिलिभिङ' । सुनेको वा पढेको कुराभन्दा देखेको दृश्यलाई व्यक्तिले झट्ट पत्याउँछ । दर्शकलाई थाहा हुन्छ– सिनेमामा देखाइएका घटना नाटकीय हुन्, यसमा पस्केको सबै कलाकारिता हो । यो थाहा हुँदाहुँदै पनि सिनेमामा कथालाई प्रभावकारी हिसाबबाट पस्किएको छ भने दर्शक बहकिन्छन् । सिनेमाका दृश्यबाट दर्शक उत्तेजित हुन सक्छन्, खुसी वा दु:खी हुन सक्छन्, रुन्छन् पनि । यसकारण सिनेमा असाध्यै प्रभावकारी माध्यम हो, यसका मेकरहरूले यसलाई बुझेका हुन्छन् ।

सिनेमामा मनोरञ्जनको तत्व हुनैपर्छ, जसले जेसुकै भने पनि । सिनेमामार्फत तपाईं चाहे गहकिलो विषयवस्तु वा गम्भीर मुद्दा उठाउनुस्, सिनेमामार्फत जेसुकै भन्नुस्, तर मनोरञ्जनकै प्याकिजिङमा त्यसलाई प्रस्तुत गर्नुपर्छ । नत्रभने सिनेमा प्रत्युत्पादक हुन्छ ।

कुनै विशेष समूहलाई शिक्षा वा ज्ञान दिनका लागि फिल्म बनाइएको छ भने बेग्लै कुरा हो । आम दर्शकलाई मध्यनजर गरेर फिल्म बनाउनुभएको छ र गहकिलै विषयवस्तु पस्कनका लागि पनि त्यसमा मनोरञ्जनको प्याकेजिङ हुनैपर्छ । जसरी बच्चालाई तितो औषधि खुवाउँदा त्यसमा 'सुगर कोटिङ' (गुलियो लेप) गरिन्छ, यसरी नै फिल्ममार्फत गहकिलो विषयवस्तु दर्शकलाई हेराउन मनोरञ्जनको तत्त्व मिसाउनुपर्छ । मनोरञ्जनको तत्व भएन भने दर्शक अडिँदैनन् ।

हाम्रो परिवेशमा हामीले समाजलाई परिवर्तन गर्ने सोचले, त्यो गहिराइबाट चलचित्र बनायौं वा बनाएनौं त्यो आफ्नो ठाउँमा छ । विभिन्न राष्ट्रले भने सिनेमामार्फत नजाँनिदो ढङ्गले समाजको दृष्टिकोण बल्दन खोजेको देखिन्छ । यसो गर्नुमा विभिन्न तत्वले भूमिका खेलेको हुन सक्छ । सिनेमा मनोरञ्जनकै साधन भए पनि त्यसको प्रभावकारितालाई त्यहाँका राजनीतिज्ञले, त्यहाँका धनाढ्य व्यक्तिले बुझेका हुन्छन् । सिनेमा बनाउने व्यक्तिको पनि त्यहाँ ठूलो स्थान वा प्रभाव हुन्छ । यी व्यक्तिको सायद इन्ट्रेस्ट होला, समाजलाई यो प्रकारको कुरा बुझाउँ भन्ने । यो ढङ्गले फिल्म बनाए पनि दर्शकले मनोरञ्जन लिनकै लागि हेर्न सक्छन् तर मनोरञ्जनकै बिचमा कहीं न कहीं सामाजिक दृष्टिकोण, राजनीतिक दृष्टिकोण, धार्मिक दृष्टिकोण बदल्ने ढङ्गले कथा आएको हुन सक्छ । तर यस्ता विषयलाई प्रभावकारी ढङ्गले मनोरञ्जनको 'कोटिङ'मा पस्केको देखिन्छ । जसले समाजलाई प्रभाव पनि पारेको छ ।

कति राष्ट्र वा कुनै समूहले फलानो सिनेमा ब्यान्ड गर्नुपर्छ भनेको सुनिन्छ । फिल्मका पात्र र घटना काल्पनिक भए पनि, मनोरञ्जनको हेतुले फिल्म बनाइए पनि उनीहरूलाई लाग्छ कि यो हेरिसकेपछि दर्शकको सोचाइमा केही न केही परिवर्तन हुन्छ । हामीले पनि फिल्मको सशक्ततालाई बुझ्नुपर्छ ।

हामी सच्चा सर्जक हौं, हामीमा सिर्जना गर्ने त्यही किसिमको क्षमता र गहिराइ छ भने हामीले सिनेमाका माध्यमबाट समाजलाई केही सकारात्मक सन्देश दिन सक्छौं, समाजको सोचमा केही परिवर्तन ल्याउन सक्छौं ।

जति बेला मैले १६-१८ घन्टा काम गर्थें, वर्षमा १०-१२ वटा फिल्म खेल्थें, त्यो बेला मैले कथा हेरेर सिनेमा अस्वीकार गरिनँ । किनभने 'मैले यो ठिकठाकै सिनेमा बनाउँदै छु, त्यति राम्रो त हुँदैन, तपाईंले खेलिदिनुपऱ्यो' भनेर स्क्रिप्ट लिएर कोही आउँदैनथ्यो । तपाईंले अहिलेसम्म नगरेको कथा ल्याएको छु भनेरै आउँथे । बन्दै जाँदा विविध कारण कति फिल्म राम्रै बन्थे, कति ठिकै बन्थे ।

अर्को कुरा, नेपालमा सक्दो फिल्म बन्नुपर्छ भन्ने पनि मेरो मान्यता थियो । म फिल्म क्षेत्रमा आउँदा नेपाली फिल्म त्यति बनिरहेका थिएनन् । जति चलचित्र बन्यो, त्यति नै जनशक्ति त्यहाँ प्रयोग हुन्थ्यो । फिल्म क्षेत्र राम्रो हुन्थ्यो, त्यसैले मैले सुरुवाती बेला फिल्म अस्वीकार गरिनँ । अहिले आएर भने अस्वीकार गरिरहेको छु । पछिल्लो पाँच वर्षमा मैले चलचित्र गरेको छैन । यसको मतलब मलाई अफर नआएको होइन । अफर आइरहेको छ, अचेल त मैले यो मेरो लागि ठिक हुँदैन भनेर भेटेर छलफल गर्न पनि छाडेको छु । अहिले मलाई कस्तो फिल्म गर्ने भन्ने थाहा छ, भनेजस्तो फिल्म आएन भने नगरेरै बस्छु ।

*(साभार: रातोपाटी)*

# औषधि उत्पादकको गुनासो : वर्षमा ४ अर्बको व्यापार घट्यो

चितवन/नेपाली औषधि उत्पादकहरुले औषधिको बिक्री गत वर्षहरुमा भन्दा १२ प्रतिशतले घटेको बताएका छन् । देशमा औषधिको खपत कम भएर नभई विदेशी औषधिका कारण स्वदेशी उत्पादनको प्रयोग घटेको उनीहरुको भनाइ छ ।

व्यवसायीहरूका अनुसार ८० भन्दा बढी नेपाली औषधि उद्योगमा ६० अर्ब रुपैयाँ भन्दा बढी लगानी छ । भारत र तेस्रो देशबाट भित्रिने औषधि र भिटामिनहरुका कारण नेपाली औषधि उद्योगको लगानी जोखिममा रहेको उनीहरुको भनाइ छ ।

हाल नेपाली औषधि उद्योगहरु ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालन भएको नेपाल औषधि उत्पादक संघका अध्यक्ष महेश प्रधानले बताए ।

नेपालमा एक वर्षमा औषधिजन्य उत्पादनको ६० अर्ब रुपैयाँ कारोबार हुने अनुमान छ । विगतमा नेपाली औषधिको कारोबार ३४ अर्ब रुपैयाँ हाराहारीमा रहेकामा पछिल्लो वर्ष घटेर २९ अर्ब ५६ करोड रुपैयाँमा झरेको उनले बताए ।

नेपाली कम्पनीहरुले तयार पारेको अनौपचारिक विवरण अनुसार पछिल्लो दुई वर्षमा नेपाली कम्पनीहरुबाट उत्पादन हुने औषधिमा ४० प्रतिशतले गिरावट आएको छ । दुई वर्षदेखि कम्पनीहरुले जनशक्ति समेत थप गरेका छैनन् ।



उद्योगहरुले जनशक्ति कटौती गर्दा २० प्रतिशतले जागिर गुमाएको उत्पादकहरु बताउँछन् ।

फुड सप्लिमेन्टका नाममा नेपालमा दर्ता नभएका र गुणस्तरमा समेत शंका गरिएका भिटामिनहरु नेपालमा आइरहेकाले रोक्नुपर्ने औषधि उत्पादकहरुको भनाइ छ ।

विदेशमा बनेका यस्ता फुड सप्लिमेन्ट खरिदमा १८ देखि २० अर्ब रुपैयाँ विदेश गएको औषधि उत्पादक संघका अध्यक्ष प्रधानले बताए । नेपालमा यस्ता फुड सप्लिमेन्टहरु उत्पादन गर्न पाउने कानुनी व्यवस्था नै नभएकाले भारत र तेस्रो देशका उत्पादनको एकाधिकार रहेको उनको भनाइ छ ।

नेपाली चिकित्सकहरुले कसिमनको लोभमा बिरामीलाई यस्ता फुड सप्लिमेन्ट सिफारिस गर्ने गरेको औषधि उत्पादकहरुको आरोप छ ।

यस्तै, कसम्यास्युटिकल्स (छालाजन्य) उत्पादनहरु पनि नेपालमा उत्पादन गर्न नदिएका कारण विदेशबाट आउने गरेको संघका पूर्वमहासचिव विप्लव अधिकारीले बताए । यस्ता विदेशी उत्पादन खरिदमा नेपालबाट वर्षमा १० अर्ब रुपैयाँ भन्दा बढी बाहिरिने गरेको छ ।

नेपाली औषधि उत्पादक कुल मागको ८० देखि ९० प्रतिशतसम्म औषधि उत्पादन गर्न सक्षम रहेको र गुणस्तरमा विदेशी कम्पनी भन्दा कम नरहेको संघका पूर्वअध्यक्ष जीनारायणबहादुर क्षेत्री बताउँछन् ।

भ्याक्सिन र केही सर्जिकल उत्पादनबाहेक सबैजसो औषधि नेपालमा नै उत्पादन हुने उनको दाबी छ । नेपालबाट केही अफ्रिकी र ल्याटिन अमेरिकी देशमा सीमित औषधि निर्यात भइरहेका छन्, जसको मूल्य वार्षिक २ अर्ब रुपैयाँ हाराहारी रहेको संघका अध्यक्ष प्रधानले जानकारी दिए ।

सरकारले नेपाली औषधिलाई विदेश निर्यातका लागि अहिलेसम्म सहजीकरण नगरिदिएको गुनासो व्यवसायीको छ । नेपाली उद्योगहरुले औषधि उत्पादन गर्न वर्षको १० अर्ब रुपैयाँको कच्चा पदार्थ आयात गर्दै आएका छन् ।

**फागुन २५ देखि नवौं फर्मा एक्सपो**

चितवनमा २५ देखि २७ फागुनसम्म नवौं फर्मा एक्सपो हुँदैछ । हरेक दुई बर्षमा हुने फर्मा एक्सपोमा १५० भन्दा बढी स्टल रहने आयोजकले जनाएको छ । तीमध्ये २० वटा स्वदेशी औषधि उत्पादक कम्पनीका र बाँकी १३० वटा विदेशी औषधि मोलिक्यूल्स, प्याकेजिङ र प्रविधि कम्पनीका हुनेछन् ।

चितवन उद्योग संघको प्रदर्शनी केन्द्रमा हुने एक्सपोमा जाम्बियाका स्वास्थ्य सचिव सहितको टोली र चिनियाँ टोली पनि सहभागी हुँदैछ । एक्सपोका संयोजक प्रभात रुङ्टाले प्रदर्शनीसँगै औषधि बिक्रेता र मार्केटिङ गर्नेहरुबीच सीपको आदानप्रदान गरिने बताए ।

एक्सपोमा औषधि कसरी उत्पादन गरिन्छ भन्ने प्रदर्शनीसमेत हुनेछ । संघका अध्यक्ष महेश प्रधानले नेपालका औषधिहरु अन्तर्राष्ट्रियस्तरका उपकरण र कच्चापदार्थबाट बन्छ भन्ने बुझाउन एक्स्पो फलदायी हुने बताए ।

*(स्रोत: अनलाइनखबर)*

# बर्लिन रेडकार्पेटमा कार्मदेखि सोनमसम्मले छरे फेसन जादू

काठमाडौं/विश्वकै सबैभन्दा पुरानो र प्रतिष्ठित मानिने बर्लिन फिल्म फेस्टिभलको ७४औं संस्करणमा नेपालबाट मीन भामद्वारा निर्देशित फिल्म 'शाम्बाला' प्रतिस्पर्धामा छ । बर्लिनको अन्तर्राष्ट्रिय विधामा छानिएको फिल्मको शुक्रबार साँझ फेस्टिभलमा वर्ल्ड प्रिमियर गरियो । प्रिमियर अघि फिल्मले पाएको ५ वटा पब्लिक शोज 'सोल्डआउट' भएको थियो । यसले विश्वमा नेपाली फिल्मको प्रभाव दर्शाउँछ ।




प्रिमियरअघि 'शाम्बाला' टिम पत्रकार सम्मेलनमा सहभागी भएर बर्लिनको रेडकार्पेटमा समेत हिँडेको थियो । निर्देशक भाम कालो रंगको कोट पाइन्टमा ठाटिएका थिए भने अभिनेता कार्मले सेतो रंगको आकर्षक फूलबुट्टे दौरामा नेपालको झन्डा अंकित लोगो लगाएका थिए । फिल्मका अर्का अभिनेता सोनम तोप्देन र अभिनेत्री थिन्ले ल्हामो भने शेर्पा समुदायको पहिरनमा देखिएका थिए ।

पत्रकार सम्मेलनमा निर्देशक भामले बर्लिनमा आफ्नो फिल्म मात्र नभइ नेपालको पनि प्रतिनिधित्व गर्न पाएकोमा खुसी व्यक्त गरे । फिल्म प्रिमियरपछि द हलिउड रिपोर्टरले समीक्षा लेख्दै नेपालको हिमाली दृश्यको प्रशंसा गरेको छ । समीक्षामा माइकल एन्जेलो एन्टोनियोनीद्वारा निर्देशित एक इटालियन नाटक फिल्म 'एल'अवेन्तूरा' (१९६०)सँग 'शाम्बाला' मिल्दोजुल्दो रहेको पनि उल्लेख छ ।

हलिउड रिपोर्टरले समीक्षामा भनेको छ, 'फिल्मले पितृसत्तात्मक नेपाली संस्कृतिको बारेमा पनि भन्छ, जसमा पेमाजस्ता महिलाहरु आफ्ना पतिको आरोप विरुद्ध आफ्नो सद्गुणको रक्षा गर्न बाध्य छन् ।' 'शाम्बाला'ले ज्ञान प्रदान गर्ने पनि समीक्षामा भनिएको छ । निर्देशक भाम र अविनाश विक्रम शाहको संयुक्त लेखन रहेको फिल्म डोल्पाको ४२ सयदेखि ६ हजारको उचाईंमा खिचिएको हो ।

# एलिजा र निश्चललाई लिएर फिल्म बनाउँदै समुन्द्र

काठमाडौं/फिल्म 'गून्यो चोलो' प्रदर्शनमा नआउँदै निर्देशक समुन्द्र भट्ट नयाँ फिल्मको तयारीमा जुटेकी छन् । एक अनटाइटल फिल्मका लागि उनले मुख्य भूमिकामा अभिनेत्री एलिजा गौतम र अभिनेता निश्चल खड्कालाई छनोट गरेकी छन् । उनले दुवैसँग शनिबार कागजी सम्झौता गरेकी हुन् । आगामी बैशाखमा छायांकन सुरु हुने फिल्मको शीर्षक केही दिनमा घोषणा गर्ने निर्देशक भट्टको तयारी छ ।



द स्काइ ओसन इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुन लागेको फिल्म लभस्टोरी-क्राइम-थ्रिलर जनरामा बन्नेछ । फिल्ममा निर्देशक भट्टकै लेखन छ । एलिजा र निश्चल दुवैको यो दोस्रो फिल्म हुनेछ । एलिजाले 'अनुराग'बाट डेब्यू गरेकी थिइन् भने निश्चलको डेब्यू फिल्म 'लण्डन टू पेरिस' प्रदर्शन हुन बाँकी छ । उनले फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को एक गीतमा नृत्य पनि गरेका छन् ।

'अनुराग'पछि एलिजालाई कमब्याक गर्नै सकस भैरहेको थियो । उनले २०७७ सालमा निर्देशक दीपक श्रेष्ठको फिल्म 'घिन्ताङ'बाट कमब्याकको तयारी गरेकी थिइन् । तर पछि व्यक्तिगत कारणले उनले काम गर्न सकिनन् । यसपछि उनले २०७८ सालमा फिल्म 'घुइँचो' सम्झौता गरिन् । तर, यो फिल्म घोषणामा मात्र सीमित भयो । अब एलिजा तेस्रोपटक कमब्याकको तयारीमा जुटेकी छन् ।

# इन्टरपोलबाट कति प्रकारको नोटिस जारी हुन्छ ?







काठमाडौं/सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई विरुद्ध इन्टरपोलबाट डिफ्युजन नोटिस जारी भएको छ । प्रहरी प्रधान कार्यालय स्थित नेशनल सेन्ट्रल ब्यूरो (एनसीबी)को आग्रहमा १३ माघमा अन्तर्राष्ट्रिय प्रहरी संगठन (ईन्टरपोल)ले राई विरुद्ध डिफ्युजन जारी गरेको हो ।

अदालतमा विचाराधीन मुद्दामा आरोपी लुकेको ठाउँ थाहा पाउन डिफ्युजन जारी गरिन्छ । अदालतबाट वारेन्ट जारी नभएको अवस्थामा गरिने 'सूचनात्मक परिपत्र' नै डिफ्युजन हो । इन्टरपोल महासचिवालयबाट जारी गरिने डिफ्युजनकै आधारमा मात्र आरोपी पक्राउ पर्दैनन् । नेपाल प्रहरीका प्रवक्ता (डीआईजी) भीमप्रसाद ढकाल खोजी सूचीमा रहेका आरोपी लोकेट भएपछि पक्राउका लागि रेड नोटिस जारी गर्नुपर्ने बताउँछन् । उनी भन्छन्-'खोजेको आरोपी लोकेट भएपछि पक्राउ गर्न डिफ्युजनलाई रेड नोटिसमा बदल्नुपर्छ ।'

अपराध अनुसन्धान गर्न रेड नोटिस र डिफ्युजन जस्तै अन्य ८ प्रकारका नोटिस जारी गरिन्छ । इन्टरपोलको सदस्य संगठनहरूको आग्रहमा फ्रान्सको लियोन स्थित इन्टरपोल महासचिवालयबाट त्यस्ता नोटिस जारी गरिन्छ । १९६ देशका प्रहरी संगठन इन्टरपोलका सदस्य छन् ।

इन्टरपोलबाट रेड, ब्लू, ग्रिन, ओरेन्ज, ब्ल्याक, यल्लो र पर्पल नोटिस जारी गरिन्छ । रेड नोटिस दुई वर्षभन्दा धेरै कैद सजाय हुने अपराधमा संलग्न आरोपीका लागी मात्रै जारी गरिन्छ ।

अपराधीको बारेमा थप जानकारी पाउन ब्लु नोटिस जारी गरिन्छ । शङ्कित व्यक्तिले अपराधको घटना गराउन सक्नेबारे जानकारी गराउन ग्रिन नोटिस जारी गरिन्छ ।

जैविक र रासायनिक हतियारबाट हुने सम्भावित अवस्था रोक्ने चेतावनी दिन ओरेन्ज नोटिस जारी गरिन्छ । त्यस्तै, पहिचान खुल्न नसकेका शवको पहिचान खुलाउन ब्ल्याक नोटिस जारी गरिने बताउँछन् प्रहरी प्रवक्ता भीम ढकाल ।

हराएका मानिसको खोजीका लागी यल्लो नोटिस र अपराधीको अपराध कार्यविधिबारे जानकारी दिन पर्पल नोटिस जारी गरिन्छ । डिफ्युजन नोटिस चाहिँ फरार आरोपीको खोजी गर्नका लागी गरिने 'सूचनात्मक परिपत्र' हो । डीआईजी भीम ढकाल भन्छन्-'अदालतबाट वारेन्ट आउनुअघि आरोपीलाई लोकेट गर्न डिफ्युजन जारी गरिन्छ ।'

प्रहरी प्रधान कार्यालय स्थित नेशनल सेन्ट्रल ब्यूरो (एनसीबी) काठमाडौँको अनुरोधमा इन्टरपोल महासचिवालयबाट अहिलेसम्म १६९ वटा रेड नोटिस जारी गरिएको छ । तीमध्ये ५४ वटा रेड नोटिसमा उल्लेख भएका अपराधी इन्टरपोलको सदस्य राष्ट्रहरूको खोजी सूचीमा छन् । रेड नोटिसको आधारमा अहिलेसम्म ५१ जना अपराधीलाई पक्राउ गरिएको डीआईजी ढकालले बताए । नेशनल सेन्ट्रल ब्यूरो (एनसीबी) काठमाडौँको अनुरोधमा अहिलेसम्म १०४ वटा डिफ्युजन जारी भएको थियो । तीमध्ये ३३ वटा डिफ्युजन अहिले कार्यान्वयनको प्रक्रियामा छ । नेपाल प्रहरीले खोजेको मान्छे लोकेट भएपछि डिफ्युजन नोटिसलाई रेड नोटिसमा रूपान्तरण गरेर पक्राउ गरिने डीआईजी ढकालले बताए । ढकाल भन्छन्-'अनुसन्धान गर्ने युनिटले एनसिबि काठमाडौँलाई आग्रह गरेपछि अनि, त्यहाँबाट इन्टरपोलको महासचिवालयमा अनुरोध गरेर त्यस्ता नोटिस जारी गरिन्छ ।'

ठगी, हत्या, अपहरण, वन्यजन्तु सम्बन्धी कसुर, मानव बेचबिखन, आर्थिक अपराध, कागजात किर्ते, साइबर अपराध र यौन अपराध मुद्दामा संलग्न अपराधीलाई पक्राउ गर्न इन्टरपोलबाट नोटिस जारी गर्ने गरिन्छ ।

**१० आरोपी इन्टरपोललाई हस्तान्तरण**

वैदेशिक रोजगारीमा कुवेतमा रहँदा काभ्रेका उमेश लामा र काठमाडौँमा बस्ने एक युवतीबिच सामाजिक सञ्जाल 'टिकटक' मार्फत कुरा भइरहन्थ्यो । कुवेतबाट नेपाल फर्केपछि उनीहरूले भौतिक रूपमा चिनजान र भेटघाट गरे । उनीहरू बिचको दोस्ती 'प्रेम'मा बदि्लयो ।

उनीहरूको बिचमा विवाह गर्ने सहमति भयो । युवतीलाई विवाह गर्ने सर्तमा उमेशले बलात्कार गरे । उमेश काभ्रेपलान्चोक जिल्लाको चौरीदेउराली गाउँपालिका-८ का स्थानीय हुन् । तर, सँगै घरजम गर्ने सर्तमा शरीर सुम्पेकी युवतीलाई थाहै नदिई उमेश फेरि कुवेत फर्किए । उनी सम्पर्कविहीन भएपछि युवतीले सम्पर्क गर्ने हर प्रयास गरिन् । त्यसपछि उनी प्रहरीकहाँ पुगिन् ।

युवतीको जाहेरीका आधारमा इन्टरपोलबाट उमेश विरुद्ध रेड नोटिस जारी गरेको थियो । उमेशलाई पक्राउ गर्न नेसनल सेन्ट्रल ब्यूरो (एनसीबी) काठमाडौँको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८० असोज ११ मा उनीबिरुद्ध रेड नोटिस जारी भएको हो । पुस ३ मा इन्टरपोलको सहयोगमा उमेशलाई कुवेतबाट पक्राउ गरेर काठमाडौँ ल्याइएको छ ।

उमेशलाई विदेशबाट ल्याएजस्तै इन्टरपोलबाट नोटिस जारी भएका १० जना अपराधीलाई नेपाल प्रहरीले पक्राउ गरेर सम्बन्धित मुलुकमा पठाएको छ । बालयौन दुराचार, रकमको अवैध लेनदेन, लागू औषध, फिरौती र चाइल्ड पोर्नोग्राफी जस्ता अपराधमा संलग्न आरोपीलाई प्रहरीले नेपालबाट पक्राउ गरेर पठाएको हो । चिन, अस्ट्रेलिया, भारत, कोरिया र स्विडेन लगायतका मुलुकका अपराधीलाई नेपालबाट पक्राउ गरेर इन्टरपोलको समन्वयमा सम्बन्धित मुलुकमा पठाइएको डिआईजी ढकालले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# १ अर्ब १९ करोडका सडकलाई जम्मा ४ करोड बजेट

गलकोट (बागलुङ)/ तीन जिल्लाका चार ठूला सडक बजेट अभावका कारण निर्माण रोकिएका छन् । संघीय सरकार अन्तर्गत २०७९ सालमा सुरु भएका बागलुङका दुई, म्याग्दीको एक र मुस्ताङको एक गरी चारवटा ठूला सडकको काम अहिले रोकिएको हो ।

सडक डिभिजन कार्यालय बागलुङको कार्यक्षेत्रमा रहेका तीन जिल्लाका चार ठूला सडक कालोपत्र गर्ने योजना बजेट अभावमा रोकिएको कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर अमर अधिकारीले जानकारी दिए । उनका अनुसार चार सडक एक अर्ब १९ करोड ९२ लाख ९३ हजार रुपैयाँमा निर्माण भइरहेकामा अर्थमन्त्रालयले बजेट नपठाउँदा यस वर्ष काम हुन सकेको छैन ।

चार सडकलाई चालू आर्थिक वर्षमा एक करोडका दरले चार करोड रुपैयाँ मात्रै बजेट विनियोजन भएकाले रकम अभाव भएको अधिकारीको भनाइ थियो । बागलुङ क्षेत्र नं १ को र म्याग्दीमा निर्माण भइरहेका सडकको सात करोड १२ लाख ४७ हजार रुपैयाँ रकम भुक्तानी गर्न बाँकी रहेको उनले जानकारी दिए ।

उक्त चार सडक निर्माणका लागि एक अर्ब १९ करोड रुपैयाँ बजेट आवश्यक पर्नेमा चालू आवमा चार करोड मात्रै बजेट विनियोजन भएकाले समस्या भएको भन्दै इञ्जिनियर अधिकारीले पटकपटक अर्थमन्त्रालयमा बजेट थप गर्न अनुरोध गरिएको जानकारी दिए ।

'एक निर्वाचन क्षेत्र, एक रणनैतिक सडक' कार्यक्रमअन्तर्गत बागलुङ क्षेत्र नं १ स्थित बागलुङ बजार अदालतदेखि चौपारी-सिगाना-चापाखर्क-गाजाको दह हुँदै बरेङ शान्तिपुर जोड्ने सडकको गत वर्ष ४८ प्रतिशत भौतिक प्रगति भए पनि दायित्व भुक्तानी नपाएपछि निर्माण व्यवसायीले यस वर्ष काम गर्न सकेको छैन ।

दश किमी कालोपत्र गर्न २९ करोड ३७ लाख ८८ हजार रुपैयाँमा सम्झौता भएको थियो । निर्माणको जिम्मा पाएको कर्ण बिल्डर्सले सुरुमा कामलाई तीव्रता दिए पनि भुक्तानी नपाएपछि काम गर्न समस्या भइरहेको निर्माण कम्पनीका प्रतिनिधि सन्दीप श्रेष्ठले बताए ।

'गत वर्षको तीन करोड ३१ लाख तीन हजार रुपैयाँ भुक्तानी पाउन बाँकी छ । चालू आवमा जम्मा एक करोड बजेट विनियोजन भएपछि काममा फर्कन समस्या भएको हो', उनले भने । श्रेष्ठले दायित्व भुक्तानी हुनासाथ काममा फर्कन बताउँदै बजेट थप्न आग्रह गरे ।

बागलुङ क्षेत्र नं २ अन्तर्गत हरिचौर बजारबाट मल्म, पाण्डवखानी-रमुवा-रणसिंह किटेनी हुँदै निसीखोलाबाट प्यूठान जोड्ने सडक वि.सं २०७९ मा रु २५ करोड २० लाखमा सम्झौता भएको थियो । उक्त सडकका लागि रु एक करोड बजेट विनियोजन भएपछि काम रोकिएको हो । यस खण्डको १८ प्रतिशत मात्रै भौतिक प्रगति भएको छ ।

एक वर्षमा २५ करोड रुपैयाँ लागतको सडकमा एक करोड बजेटले काम गर्न समस्या भएको गलकोट नगरपालिका-७ मल्मका वडाध्यक्ष राज थापाले बताए ।

म्याग्दी जिल्लाको रत्नेचौर-ज्यामरुककोट, भकिम्लि हुँदै बराङ्जा जाने सडकको पूर्वाधार निर्माण सकिएपनि बजेट अभावमा कालोपत्र हुन सकेको छैन । हालसम्म ४५ प्रतिशत भौतिक प्रगति गरेको उक्त सडकको निर्माण व्यवसायीलाई गत वर्षको रु तीन करोड ८१ लाख ४४ हजार भुक्तानी दिन बाँकी छ ।

मुस्ताङको रणनीतिक सडकअन्तर्गत पर्ने लेतेस्थित थासाङ गाउँपालिका-२, ३, ४ र ५ मा पर्ने छयो-कुन्जे-टिटी-धम्पु हुँदै कोखेटाटी पुग्ने सडकमा बजेट अभावका कारण काम प्रभावित बनेको छ ।

तीन वर्षमा कालोपत्र गर्नेगरी ३८ करोड ८८ लाख ६१ हजारमा निर्माण व्यवसायीसँग सम्झौता भएको उक्त खण्डको हालसम्म २२ प्रतिशत भौतिक प्रगति भएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

उक्त सडकमा गत वर्षको भुक्तानी दायित्व नरहे पनि चालू आवमा विनियोजन भएको एक करोड रुपैयाँले काम गर्न समस्या भएको निर्माण कम्पनीको भनाइ छ । रु ३८ करोडको सडक निर्माणका लागि एक वर्षमा रु एक करोड मात्र बजेट आउँदा काम गर्न नसकिएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख अनुक्षा घिमिरेले अर्थमन्त्रालयले आवश्यक बजेट नपठाउँदा काम गर्न समस्या भइरहेको बताए । उनले तीन जिल्लाका चार ठूला सडकको कालोपत्रको काम सुरु गर्ने समयमा बजेट कटौती हुँदा निर्माण व्यवसायीले काम छोडेर हिँडेको बताए ।

'ठूला सडक सिगाना र रत्नेचौरको कामको प्रगति सम्झौता अघिनै सक्नेगरी अघि बढेको थियो । गत असारमा बजेट कटौती भएर भुक्तानी गर्न सकिएन ।

*(स्रोत: अनलाइनखबर)*

# प्यालेस्टाइनलाई हराउँदै नेपाल समूह विजेता, सेमिफाइनलमा लेवानोनसँग खेल्ने

काठमाडौं/सावित्रा भण्डारीको अर्को उत्कृष्ट प्रदर्शनमा नेपालले वाफ वुमेन्स च्याम्पियनसिप अन्तर्गत समूहको अन्तिम खेलमा प्यालेस्टाइनलाई ४-० ले पराजित गर्दै समूह विजेता बनेको छ ।



साउदी अरेबियाको जेदाहस्थित किङ अब्दुल्लाह स्पोर्ट्स सिटी मैदानमा भएको खेलमा सावित्रा भण्डारीले दुई तथा रेखा पौडेल र गीता रानालले एक-एक गोल गरेपछि नेपालले सहज जित हात पारेको हो ।

समूह बी मा सबै तीन खेल जितेर अपराजित रहेको नेपालले अब सेमिफाइनलमा समूह ए को उपविजेता लेवानोनसँग खेल्नेछ । यस्तै नेपालसँग हारेपछि समूह बी को उपविजेता बनेको प्यालेस्टाइनले समूह ए को विजेता तथा सर्वाधिक ५ पटकको च्याम्पियन जोर्डनको सामना गर्नेछ ।

नेपाल र प्यालेस्टाइन यसअघि नै लगातार दुई खेल जित्दै सेमिफाइनलमा स्थान सुरक्षित गरि सकेका थिए । त्यसैले यो खेल समूह विजेताको बन्नको लागि थियो । खेलको सुरुवात देखि नै नेपालले लगातार आक्रमण गरेपनि गोल गर्न ४१ मिनेटसम्म कुर्नुपरेको थियो ।

४१ औं मिनेटमा सावित्रा भण्डारीले गोल गर्द नेपाललाई अग्रता दिलाइन् । रेखा पौडेलले दिएको लामो पासमा सावित्राले गोल गरेकी हुन् । दोस्रो हाफमा नेपालले तीन गोल थप्यो । ५९औं मिनेटमा रेखा पौडेलले गोल गर्दै नेपालको अग्रता दोब्बर पारिन् । सावित्रा भण्डारीले बक्स भित्र बाट हानेको प्रहार पोस्टमा लागेर फर्केपछि रेखाले रिबाउन्डमा गोल गरिन् ।

त्यसपछि सावित्राले ७९औं मिनेटमा व्यक्तिगत दोस्रो तथा नेपालको लागि तेस्रो गोल गरिन् । उनले रश्मि कुमारी घिसिङको पासलाई सदुपयोग गर्दै गोल गरिन् ।

जारी प्रतियोगितामा सावित्राको यो आठौं गोल हो र उनी सर्वाधिक गोल गर्नेमा शीर्ष स्थानमा छिन् । अघिल्लो खेलमा इराक विरुद्ध ५ गोल गर्दै नेपालका लागि ५० अन्तर्राष्ट्रिय गोल पूरा गरेकी सावित्राले यो दुई गोल पछि नेपालका लागि गोल संख्या ५२ पुऱ्याएकी छन् ।

नेपालले यसअघि पहिलो खेलमा सिरियालाई ४-१ ले तथा दोस्रो खेलमा इराकलाई ५-० ले पारजित गरेको थियो । इन्जुरी टाइममा सावित्रालाई प्यालेस्टाइनी गोलकिपरले फल गरेपछि नेपालले पेनाल्टी पाएको थियो र सावित्रालाई ह्याट्रिक गर्ने अवसर थियो । तर नेपालका लागि गीता रानाले पेनाल्टी प्रहार गर्दै गोल गरिन् । खेलपछि सावित्राले नेपालले राम्रो खेलेको र अब सेमिफाइनल खेलमा फोकस हुनुपर्ने बताइन् । 'हामीले राम्रो खेल्यौं । कोचले पनि यही अनुसार खेल्नुपर्छ भन्नुभयो र मैदानमा पनि हामीले त्यसरी नै खेल्यौं । सेमिफाइनलमा हाम्रो कठिन म्याच हुनेछ । उनीहरु राम्रो टिम हो र हामी अब त्यही खेलमा केन्द्रित हुनेछौं ।' नेपालले अब मंगबलार हुने दोस्रो सेमिफाइनलमा लेवानोनसँग खेल्नेछ । त्यसअघि मंगलबारै जोर्डन र प्यालेस्टाइनबीच पहिलो सेमिफाइनल हुनेछ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140,*
*057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# अनेरास्ववियु मकवानपुरमा विवाद

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ नेकपा एमालेको जनवर्गीय संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुरको २८ औं अधिवेशन विवादित बनेको छ ।

हेटौंडामा शुक्रबार भएको २८ औं जिल्ला अधिवेशनमा अध्यक्षका आकांक्षी अस्पताल भर्ना हुँदासमेत मानवीयता नदेखाएको र लोकतान्त्रिक विधिबाट नेतृत्व चयन गर्ने प्रतिनिधिको माग सम्बोधन नभएको विषयमा विवाद भएको बताइएको छ । अनेरास्ववियुको अध्यक्षमा अमृत बर्तौला र पुष्कर तिमल्सिना आकांक्षी थिए । अधिवेशनबाट बर्तौलाको अध्यक्षतामा १० पदाधिकारीसहित ५१ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको छ ।



'बहुमत प्रतिनिधि'को मागलाई वेवास्था गरी पार्टी तथा अनेरास्ववियुको केन्द्रीय नेतृत्वले बर्तौलाको अध्यक्षतामा कमिटी बनाएपछि विवाद चुलिएको हो । नयाँ कमिटी गठनको विपक्षमा पार्टी संस्थापन पक्षकै विद्यार्थी नेताहरु उभिएका छन् । विवाद अधिवेशन स्थलबाटै सुरु भएको जनाइएको छ । बन्द सत्र सुरु हुन लाग्दा अधिवेशन प्रतिनिधि नरहेका केही युवाले अध्यक्षका आकांक्षी तिमल्सिना माथि अपशब्द प्रयोग गरेपछि विवाद उत्पन्न भएको अनेरास्ववियु स्थायी कमिटी सदस्य तथा बागमती प्रदेश सहइञ्चार्ज किशन घिसिङले जानकारी दिए । ६ वर्ष पुरानो छारेरोगका बिरामी तिमल्सिना विवाद भएपछि अधिवेशनस्थलमै ढल्न पुगेका थिए ।

अधिवेशनस्थलमै लडेर जिउरोमा चोट लागेको उनलाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालमा उपचारका लागि लगिएको थियो । तिमल्सिनालाई शनिवार उपचार पश्चात घर पठाइएको छ । अध्यक्षका आकांक्षी नै अस्पताल भर्ना भएपछि अधिकांश प्रतिनिधिले साँझसम्म प्रक्रिया लम्याउन अनुरोध गर्दा नेतृत्वबाट सुनुवाई नभएको घिसिङले बताए ।

अधिवेशनको अध्यक्ष मण्डलका अध्यक्ष अनेरास्ववियु बागमती प्रदेश अध्यक्ष लालबहादुर बुढाथोकीले बर्तौलाको अध्यक्षतामा अस्पताल भर्ना भएका तिमल्सिनालाई उपाध्यक्षमा राखेर कमिटी घोषणा गरेका थिए । कमिटी घोषणा गर्दा दिउँसो साढे ३ बजेको अध्यक्ष बर्तौलाले जानकारी दिए । तिमल्सिना अधिवेशनस्थलमा लडेपछि चिउँडोमा चोट लागेको उनले बताए । अनेरास्ववियु स्थायी कमिटी सदस्य घिसिङले पार्टीभित्र मानवीय संवेदनशीलता हराएको टिप्पणी गरेका छन् ।

जिल्लाको १० वटा पालिकास्थित विद्यालय र क्याम्पसबाट ५११ जना अधिवेशन प्रतिनिधि आएका थिए । अधिकांश प्रतिनिधिले अधिवेशनको मञ्चमा रहेका पार्टी केन्द्रीय सल्लाहकार परिषद् सदस्य डोरमणि पौडेल, पार्टी स्थायी कमिटी सदस्य तथा जिल्ला इञ्चार्ज देवी ज्ञवाली, पार्टी केन्द्रीय सदस्य तथा विद्यार्थी इञ्चार्ज किशोरबिक्रम मल्ल, अनेरास्ववियु सचिव तथा प्रदेशइञ्चार्ज सुजन कडरियाको अगाडि नाराबाजी गरेका थिए ।

विद्यार्थीले नाराबाजी गर्दै नेतृत्व चुनावबाट चयन हुनुपर्ने माग राखेको अनेरास्ववियु केन्द्रीय सदस्य विशाल पौडेलले जानकारी दिए । तिमल्सिना पक्षले खुलासत्रमै अध्यक्ष मण्डलको अध्यक्ष पार्टी जिल्ला सदस्य तथा विद्यार्थी इञ्चार्ज फुर्वा दोर्जेलामालाई बनाउनुपर्ने माग अगाडि सारेको जनाइएको छ । अध्यक्ष मण्डलको अध्यक्ष बुढाथोकी बनेपछि विवाद बढ्दै गएको जनाइएको छ । अध्यक्ष बर्तौलाले अध्यक्ष मण्डलको अध्यक्ष अनेरास्ववियु प्रदेश अध्यक्ष हुने केन्द्रीय कमिटीको निर्णय नै भएकाले उनी बनेको बताए ।

स्ववियु निर्वाचनबाट अनेरास्ववियु मकवानपुरमा विवाद बढ्न थालेको एक विद्यार्थी नेताले बताए । 'पार्टीभित्र गुटगत राजनीतिले स्ववियु निर्वाचनमा उम्मेदवार छनोट भयो । इतिहासमै नहारेको मकवानपुर बहुमुखी क्याम्पसमा पराजय हुनुपरेको थियो । विवाद पहिल्यैदेखि हो ।', ती विद्यार्थी नेताले भने, एमाले मकवानपुरमा माधव नेपाल पक्ष हुँदा भन्दा बढी अहिले गुटबन्दी छ । यो गुटबन्दीले पार्टी दैनिक कमजोर बनिरहेको छ ।',

# राक्सिराङका कृषकलाई गाई र बोयर बोका वितरण




साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ राक्सिराङ गाउँपालिकाले कृषि उत्पादनमा जोड दिँदै कृषकलाई उन्नत जातको गाई र बोयर जातको बोका वितरण गरेको छ ।

गाउँपालिकालाई दुध डेरीको हब बनाउने उद्देश्यले उन्नत जातको गाई वितरण गरिएको हो । राक्सिराङ-३ नम्बर वडाका गाइपालक किसानलाई उन्नत जातका १० वटा जर्सी गाई वितरण गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । गाउँपालिकाको उन्नत जातको गाईपालन अनुदान कार्यक्रमअन्तर्गत किसानलाई गाई दिइएको गाउँपालिकाले जनाएको छ । ३ नम्बर वडा गाईबस्तु पालन गर्न उपयुक्त स्थान रहेको बताउँदै गाउँपालिका अध्यक्ष मल्लले दुधलगायत दुधबाट बनेका अन्य सामग्रीहरु बजारीकरण गर्न सजिलो हुने बताए ।

उन्नत जातका गाईबाट नश्लसुधार गरी सबैलाई जीवननिर्वाह गराउने र बजार व्यवस्थापन दिगो बनाउने मल्लको भनाई छ । किसानको मागलाई ध्यानमा राखी ठाउँ अनुसारको पकेटक्षेत्र बनाउँदै जाने उनको योजना छ । मौरी, चिउरी, गाई, बाखा, तरकारी लगायतको पकेटक्षेत्र बनाउन खोजेको मल्लले बताए ।

वितरण गरिएको गाईको बीमा गरिएको छ । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, ३ नम्बर वडा अध्यक्ष उत्तम वाईबा, वडासचिव भावना कँडेलगायतको आतिथ्यता थियो ।

यसैगरी, गाउँपालिकाले कृषकलाई ११ वटा बोयर जातको बोका वितरण गरेको छ । विभिन्न वडाका ११ जना कृषकलाई ११ वटा उन्नत जातको बोयर बोका वितरण गरेको हो । व्यावसायिक पशुपालन प्रवर्द्धन कार्यक्रमअन्तर्गत बोयर बोका वितरण गरिएको गाउँपालिका अध्यक्ष मल्लले बताए ।

# सुनगाभा शिक्षा निकेतनको अभिभावक भेला



साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ हेटौंडा उपमहानगरपालिका-६, चौघडास्थित सुनगाभा शिक्षा निकेतन ईङलिश स्कूलको २४ औं अभिभावक भेला भएको छ ।

विद्यालयका संस्थापक अध्यक्ष बासुदेव अधिकारीको प्रमुख आतिथ्यता एवम् विद्यालय ब्यवस्थापन समिति अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्षतामा अभिभावक भेला भएको हो । भेलाको अवसरमा विभिन्न विधाका उत्कृष्ट अभिभावक, शिक्षक, विद्यार्थीलाई सम्मानित गरिएको थियो । भेलाको अवसरमा विद्यालयले पत्रकार मणिराज गौतम, पूर्वअध्यक्ष ध्रुवप्रसाद चौलागाई, हिमाल पौडेललाई सम्मान गरेको छ ।

यसैगरी २०७९ सालको एसईई परीक्षमा उत्कृष्ट अंक हासिल गर्ने सुविक्षा बानियाँ, स्वस्तिका दुलाल, २०७९ सालको उत्कृष्ट शिक्षक साजन दियालीलाई पनि सम्मान गरेको छ । भेलामा उत्कृष्ट शिक्षक मनिता थापा, हीरा खत्री, लक्ष्मी चौलागाई र सुशीला लम्साल, कार्यालय सहयोगी सीता खड्का, तिलकुमारी घलानलगायतलाई सम्मान गरिएको थियो ।

भेलामा हेटौंडा-६ का वडाअध्यक्ष विष्णु दाहाल, वडासदस्य लेखराज ढकाल, सरिता सापकोटा, मुना विक विद्यालयका प्रवन्धसञ्चालक रामहरि चौलागाई, नेपाल पत्रकार महासंघ, बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल, मकवानपुर अध्यक्ष मणिराज गौतम, विद्यालय सञ्चालक समितिका पदाधिकारी, अभिभावक, विद्यार्थी लगायतको सहभागिता थियो । भेलामा विद्यार्थीले विभिन्न नृत्य, कमिक्स, नाटक प्रर्दशन गरेका थिए । विद्यालयमा ६ सय ४५ जना विद्यार्थी अध्ययनरत रहेको प्रिन्सिपल अरुण पराजुलीले बताए ।

# मदिरा व्यवसायी संघको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ हेटौंडामा मदिरा व्यवसायी संघ मकवानपुरको साधारणसभा भएको छ । संघले शनिवार एकै पटक ११ र १२ औं साधारणसभा गरको हो । यसअघि संघका अध्यक्ष विदेशिएपछि साधारणसभा रोकिएको थियो ।

संघको २८ फागुन २०७८ मा १० औं साधारणसभा तथा अधिवेशन भएको थियो । अधिवेशनबाट अध्यक्ष बनेका दीपक खत्री संघको कार्यकाल सकिनुअगावै अष्ट्रेलिया गएपछि संघ नेतृत्वविहीन बनेको थियो । उपाध्यक्ष केदार श्रेष्ठको कार्यवाहक अध्यक्षको जिम्मेवारीमा रहेको संघले एकैसाथ दुई वर्षको साधारणसभा गरेको हो ।

साधारणसभाले नयाँ नेतृत्व चयनको तयारी गरेपनि संघको बन्दसत्रले पुन: कार्यवाहक अध्यक्ष श्रेष्ठकै नेतृत्वलाई आगामी वर्ष निर्वाचन गर्ने गरी जिम्मेवारी कायम गरको निर्वतमान अध्यक्ष सर्मेन्द्र पौडेलले जानकारी दिए ।

संघको साधारणसभा कार्यक्रमका प्रमुखअतिथि मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता थिए । बैंक तथा बीमा कम्पनीले दिएको दैनिक तनावलाई रोक्नका लागि व्यवसायी आन्दोनलमा जानुको विकल्प नभएको गुप्ताले बताएका छन् । बैंकले दैनिक रुपमा दिँदै आएको तनावलाई अहिले केही व्यवस्थापन गरेपनि पछिल्लो समय बीमा कम्पनीले अनावश्यक शुल्क लिने क्रमले समस्या भइरहेको उनले बताए ।

संघका महासचिव श्याम बासुकलाले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रम कार्यवाहक अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको थियो ।

साधारणसभामा होटल एशोसिएन मकवानपुरका अध्यक्ष दिलिशगोविन्द जोशी, मदिरा व्यवसायी महासंघका केन्द्रीय सल्लाहकार धर्मकृष्ण श्रेष्ठ, पूर्वअध्यक्ष माधव ज्ञवाली, संस्थापक अध्यक्ष सत्यमान श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३

HIRACHAN– BANIYA JV

Hetauda, Makawanpur, Nepal. Tel: +977-057- 520370 E-mail: info@baniyagroup.com.np,PAN:615111568

प्रेस विज्ञप्ति

मिति २०८०/११/१२

यस हिराचन बानियाँ जेभी र मनहरी गाउँपालिका रजैया मकवानपुरबिच ठेक्का सम्झौता भई यस जेभीले पुल निर्माण कार्य गर्दै आएकोमा अचानक मिति २०८०/११/११ गते निर्माणस्थलमा पाँच दल (नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकिकृत समाजवादी) का प्रतिनिधिहरुले मिति २०८० साल चैत ३० गतेसम्म समय अवधी रहेको अवस्थामा यस निर्वाचित जनप्रतिनिधिहरुको तस्विरसहित व्यानर टाँस गरेर कार्य अवरोध गर्दा यस जेभीले निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न लिएको लक्ष्यमा गम्भिर प्रभाव पारेको छ ।

यस हिराचन बाँनिया जेभीले निर्माण जिम्मा लिएको मनहरी गाउँपालिका वडा नं २, ३ र ४ स्थित खोलाको पुलहरुको कार्यप्रगति तपशिल बमोजिम रहेको अवगत गराउन चाहन्छौं ।

| कार्य विवरण | सम्पन्न भएको कार्यको प्रतिशत | कार्य सम्पन्न हुने म्याद |
|---|---|---|
| मसिने खोला पुल | ८८% कार्य सम्पन्न भएको | २०८० चैत मसान्तभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्धता |
| द्वाङ्ग्रा खोला पुल | ९५% कार्य सम्पन्न भएको | २०८० चैत मसान्तभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्धता |
| च्यापल खोला पुल | ७०% कार्य सम्पन्न भएको | २०८० चैत मसान्तभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्धता |
| ठाडो खोला पुल | ६५% कार्य सम्पन्न भएको | २०८१ बैशाख मसान्तभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्धता |

यसअघि पनि राजनैतिक आवरण दिंदै केहि व्यक्तिले सामाजिक सञ्जालमा बिना आधार टिकाटिप्पणी गरेर पुल निर्माण सम्बन्धी कार्य प्रगतिबारे भ्रमपूर्ण ढंगले अफवाह फैलाउने काम गरिरहेकोमा अहिले जिम्मेवार राजनैतिक दलका प्रतिनिधिले पनि सम्बन्धित पक्षसंग छलफल र समन्वय नगरी यथार्थ जानकारी नलिई विरोध गरेकोप्रति गम्भिर ध्यानकर्षण भएको छ । निर्माणस्थल राष्ट्रिय निकुञ्जको क्षेत्राधिकार भित्र पर्ने भएकाले आउने प्राविधिक कठिनाई, बर्षायाममा बाढिका कारण निर्माणस्थलमा भएको क्षति, ढुंगा गिट्टी, बालुवा जस्ता निर्माण सामग्रीको उपलव्धतामा भईरहेको कठिनाई लगायतका असहजतालाई झेल्दै काम गरिरहेको परिस्थितिमा पनि हामीले प्रतिवद्धता गरेकै समयमा काम सम्पन्न गर्ने ढंगले कार्य प्रगति गरिरहेको सम्पूर्ण सरोकारवालाहरु समक्ष जानकारी गराउँदछौं । साथै अनर्गल प्रचारबाजीमा नलागी सम्वाद र सहमतिमार्फत निर्माण कार्य अघि बढाउन सहज वातावरणका लागि सहयोग र सहकार्य गरिदिनुहुन सम्पूर्ण राजनैतिक दल, नागरिक समाज र सरोकारवाला निकायसंग यस जेभी आग्रह समेत गर्दछ ।

अन्त्यमा, यस जेभीसँग आजको मितिमा कानूनी रुपमा सामेल नरहनु भएका त्यस क्षेत्रका माननीय ईन्द्रबहादुर बानियाँको नाम जोडर भएको अर्नगल प्रचारबाट उहाँको राजनैतिक एवं सामाजिक प्रतिष्ठामा पुग्न गएको क्षतिप्रति दुःख व्यक्त गर्दै गलत प्रचारको भ्रममा नपर्नु हुन सम्पूर्ण महानुभावहरुमा आग्रह गर्दछौं ।

ऋषिराज बानियाँ
आधिकारिक प्रतिनिधि